# आर्थिक वर्ष २०७४।०७५

# को

# बजेट बक्तव्य

**शिवनाथ गाउँपालिका**

**बैतडी जिल्ला**

**७ नं. प्रदेश नेपाल ।**

**२०७४**

सभाध्यक्ष महोदय,

नेपालको संविधान, २०७२ को जगमा हालै सम्पन्न स्थानीय तहको निर्वाचन, २०७४ पश्चात स्थापित जनप्रतिनिधिमुलक स्थानीय सरकारको रुपमा रहेको यस शिवनाथ गाउँपालिकाको विकास र उन्नतिको रुपरेखा कोर्न प्राप्त यो अवसरमा हामी सबैलाई हर्ष र गौरवको महशुस भएको छ। बैतडी जिल्लाको तल्लो स्वराडमा रहेको यस क्षेत्रको विकास र उन्नतिको निम्ति जीवन पर्यन्त लाग्नुभएका हाम्रा अग्रजलाई नसम्झिरहन सकिन्न। साथै यस क्षेत्रका जनताको जिवनस्तर अभिवृद्धि र सामाजिक आर्थिक विकासमा योगदान पुर्‍याउनुहुने सम्पुर्ण सरकारी निकाय, गैर सरकारी संस्था लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछौ। र आफ्नो गाउँ समाज र राष्टको उन्नति हामी सबैको समान जिम्मेवारी हो भन्ने भावनाका साथ अघि बढ्नुपर्दछ भन्ने ठान्दछु ।

सभाध्यक्ष महोदय,

प्राप्त अवसरको सदुपयोग र चुनौतिहरुको सामना गरी **"गरीब, असहाय सबै नागरिकको सम्मान, शिवनाथ गाउँपालिकाको चौतर्फी विकास हाम्रो अभियान"** भन्ने मूल नारासहित यस शिवनाथ गाउँपालिकाको समग्र विकास र उन्नती का निम्ति यस आर्थिक वर्ष २०७४।७५ भित्र विकासको अनुभूती दिलाउनका लागि प्रस्तुत यस बजेटका उद्देश्यहरु यस प्रकार प्रस्तुत गरेको छु :

- स्थानीय जनतामा विकास र परिवर्तनको प्रत्यक्ष अनुभुति गराउने,
- दिगो विकासको अवधारणा अनुरुप विकास पूर्वाधारको निर्माण गर्ने,
- भौतिक पुर्वाधार निर्माण मार्फत विकासको आधार तयार गर्ने
- सामाजिक विकासको माध्यमबाट जनताको जीवनस्तर अभिवृद्धि गर्ने,
- सुशासन कायम गर्ने

यी उद्देश्यहरु हासिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेको छु :

- सबै वडाहरु मा सडक विस्तार र स्तर सुधारमा प्राथमिकीकरण,
- गाउँ कार्यपालिकाको भौतिक संरचना निर्माण,
- शिक्षा, स्वास्थ्य खानेपानीका योजनामा जोड,
- कृषि उत्पादनमा वृद्धि र आय आर्जनका कार्यक्रममा जोड,
- लक्षित समूह विकास कार्यक्रम,
- जनचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रममा जोड

अब म यिनै उद्देश्य तथा प्राथमिकता आधार रही तयार गरिएको आर्थिक वर्ष २०७४।७५ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

शिवनाथ गाउँपालिकाको कार्यालय पुर्णत नयां स्थानमा स्थापना भएको कारण साविकका पुर्वाधार नहुंदा कार्यालयको दैनिक सेवा प्रवाह समेत प्रभावित भएको अवस्थामा तत्काल भवन निर्माण गर्न मा रु. ५० लाख विनियोजन गरेको छु ।

सडक नै समृद्धिको सार हो भन्ने विषय हाम्रो गाउँपालिकाको सन्दर्भमा समेत पुष्टि भईसकेको छ । सडकको पहुंचबाट वाञ्चित रहेका जनतालाई सडकको सञ्जालमा जोड्न यो आर्थिक वर्षमा सडक पुर्वाधार निर्माण तर्फ करीब २ करोड ८० लाख रकम विनियोजन गरिएको छ ।

शिक्षा नै सभ्यताको आधारशिला भएकोले गाउँपालिका क्षेत्रमा गुणस्तरीय शिक्षाको सरल सुलभ पहुंच पुर्‍याउन र शिक्षा क्षेत्रको विकासका लागि विद्यालयको भौतिक सुधार, तथा शैक्षिक सामाग्रीका लागि यो आर्थिक वर्षमा करीब साढे ६ करोड बजेट विनियोजन गरिएको छ ।

आमा तथा शिशुको जिवन रक्षाका लागि संस्थागत सुत्केरी सेवा उपलब्ध गराउन वर्थिङ सेन्टर निर्माणलाई प्राथमिकता दिई स्वास्थ्य क्षेत्रमा पर्याप्त रकम विनियोजनको प्रयास गरिएको छ । यस आर्थिक वर्षमा करीब १ करोड ८५ लाख बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन गरिएको छ ।

निर्वाहमुखी समेत हुन नसकेको कृषि क्षेत्रलाई व्यावसायिक बनाई कृषकको जिवनस्तर उकास्न र कृषि तथा पशुपालनको क्षेत्रमा युवा पिंढीलाई स्वदेशमै कृषि मार्फत आत्मनिर्भर तुल्याउन  पर्याप्त रकम विनियोजन गरेको छु ।

यो क्षेत्रको एक मुख्य समस्याको रुपमा रहेको खानेपानी समस्या समाधानका लागि यो क्षेत्रमा लामो समयदेखि काम गरिएको परियोजना RVWRMP सँग कार्यक्रम सम्झौता गरि योजना कार्यान्वयन गर्नका लागि आवश्यक समपूरक कोषको व्यवस्था गरिएको छ । साथै अन्य टोल वस्तीमा रहेको पानीको मुल संरक्षण गरी आधारभुत अवश्यकताको रुपमा रहेको खानेपानीमा सबै जनताको सहज पहुंच कायम गर्न  पर्याप्त बजेटको व्यवस्था गरिएको छ ।

विकासको लाभ  समानुपातिक रुपमा सबै गाउँवासीमा पुर्‍याउन र सिमान्तीकृत जनताको जीवनस्तर अभिवृद्धि गर्दै गरिवी निवारणको राष्टिय लक्ष्यलाई साकार पार्न लक्षित समुहको आय आर्जन अभिवृद्धि गर्ने कार्यक्रम तर्फ समेत बजेटको व्यवस्था गरिएको छ ।

सार्वजनिक सेवालाई सहज , सरल,  पहुंचयोग्य र गुणस्तरीय तुल्याउन कार्यालय व्यवस्थापनका निम्ति आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

हाम्रा सांस्कृतिक सम्पदा र धरोहरहरु हाम्रा पहिचानका धोतक भएकाले तिनको संरक्षण र सम्बर्द्धन गर्दै पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न बजेटको व्यवस्था गरिएको छ ।

दैवि प्रकोपबाट हुने क्षतिलाई न्यूनीकरण गर्नका लागि रु १५ लाखको विपद् व्यवस्थापन कोष खडा गरीएको छ ।

सभाध्यक्ष महोदय,

अव म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु । आ.व. २०७४।०७५ का लागि कुल २१ करोड ४७ लाख ४८ हजार १ रुपैया पचास पैसा मात्रको अनुमानित बजेट प्रस्तावित गरेको छु । जस मध्ये चालु खर्च तर्फ रु. ३ करोड ४४ लाख, पूंजीगत खर्च तर्फ ११ करोड ८५ लाख १५ हजार १ रुपैया पचास पैसा र सशर्त अनुदान कार्यक्रम तर्फ रु. ६ करोड १८ लाख ३३ हजार प्रस्ताव गरेको छु जसमा शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपालनको बजेट समावेश भएको छ ।

आर्थिक वर्ष २०७४।७५ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व र राजस्व बाँडफाँड बाट रु. १२ लाख १ हजार ६ सय ५०, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान बाट रु. १४ करोड ६० लाख ९ हजार, नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रु. ६ करोड १८ लाख ३३ हजार र गत आ.व. २०७३।०७४ को संचित कोष बैक मौज्दात रु. ५७ लाख ४ हजार ३ सय ५१ पैसा पचास मात्र अनुमान गरिएको छ । उल्लेखित आय व्यय बाहेक सामाजिक सुरक्षा भत्ता बापत नेपाल सरकारबाट अनुमानित रकम रु २ करोड ६० लाख अनुदान प्राप्त हुने र सो मा खर्च हुने अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

श्रोत साधनको उपलब्धताले मात्र अपेक्षित प्रतिफलको सुनिश्चितता गर्दैन भन्ने वास्तविकतालाई मनन् गर्दै उपलब्ध श्रोतको महत्तम प्रयोग र परिचालन गर्न हामी सबै एकजुट भएर अघि बढ्नु पर्ने आवश्यकता रहेको छ ।

प्रस्तुत बजेट तर्जुमा मा मार्गनिर्देशन गर्नुहुने अध्यक्ष ज्यू, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु तथा आवश्यक सहयोग, सल्लाह तथा समन्वय गर्ने कार्यकारी अधिकृत एवं कर्मचारी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउने आम नागरिक, सेवाग्राही र यस क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी, गैर सरकारी तथा सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद** ॥